तानसेन नगरपालिका

# चौथो नगरसभामा नगर प्रमुख एवं नगर सभाध्यक्षको मन्तव्य

(चालु आ.व.२०७५/०७६ को अर्द्धवार्षिक संक्षिप्त समीक्षा तथा नीति कार्यक्रम)

## तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, पाल्पा

५ नं. प्रदेश, नेपाल

**गरीमामय चौथो नगरसभाका सदस्यहरु ज्यूहरु**
**अतिथि तथा संचारकर्मी महानुभावहरु**
नेपाली जनताको पटक पटकको वलिदानीपूर्ण संघर्ष र विभिन्न आन्दोलनबाट मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको तथ्य अवगतै छ । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधनको भाग १८ तथा तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ४ र ५ को प्रावधानका आधारमा तानसेन नगरपालिकाको हिउदे अधिवेशनको रुपमा चौथो नगरसभा मार्फत चालु आर्थिक वर्षमा लिएका नीति तथा कार्यक्रमको समिक्षा गर्दै कार्यक्रम तथा आयोजनाहरुलाई प्रभावकारी बनाउन र जनभावनालाई कार्यरुपमा उतार्न नीतिगत पृष्ठपोषणस्वरुप यो नगरसभा संचालन भएको कुरा आश्वस्त गराउन चाहन्छु ।
यहाँसम्म आईपुग्दा संविधानको भावना र जनअपेक्षा अनुसार तानसेन नगरको समग्र विकासका लागि आवश्यक ऐन, कानून निमार्ण र स्रोत व्यवस्थापनका साथ कार्यक्रम तथा आयोजनाहरु अगाडी बढाउन प्रतिवद्ध छौं । **“समृद्ध नगर, आत्मनिर्भर नगरवासी, सफा नगर, सुखी नगरवासी**” को विकास र समृद्धिको परिकल्पनालाई साकार पार्न तदनुरुपका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरेका छौं ।

तानसेन नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम कार्यान्वयनको समिक्षात्मक अवस्था यस सम्माननिय नगरसभा समक्ष पेश गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

आज भन्दा ६ महिना अगाडी हामीले तय गरेका नीति, कार्यनीतिहरुबाट निर्देशित भै बजेट तथा कार्यक्रम तयार गरी त्यसै अनुरुप कार्यान्वयन चरणमा छौं । संघीय सरकार र प्रदेश सरकारबाट समय समयमा जारी भएका नीतिगत कुराहरु तानसेन नगपालिकाको मार्गदर्शनको रुपमा रहेको छ । नेपालले अन्तर्राष्ट्रिय स्तरमा प्रतिवद्धता गरेको सन् २०३० सम्म पूरा गर्नुपर्ने दिगो विकासको लक्ष्य, सन् २०२२ सम्म नेपाललाई विकासशील राष्ट्र बनाउने लक्ष्य, चौधौं राष्ट्रिय आवधिक योजना र बेलाबखत अन्तर्राष्ट्रिय स्तरमा नेपालले व्यक्त गरेको विषयगत क्षेत्रका प्रतिबद्धता बमोजिम नतिजा प्राप्तीमा सहयोग पुर्‍याउने कार्यमा तानसेन नगरपालिका प्रतिबद्ध रहको छ ।

चालु आर्थिक वर्ष २०७५/०७६ को लागि तेस्रो नगरसभाबाट पारित गरिएको नीति, योजना र वजेट कार्यान्वयनको हालसम्मको अवस्थाको अर्द्धवार्षिक मूल्याङ्कन र समीक्षा देहाय बमोजिम रहेको छ ।

## सभाका सदस्य ज्यूहरु
अब म आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम तर्फ अर्द्धवार्षिक अवधिसम्मका विषयगत उपलव्धीहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु :

## पूर्वाधार विकास :
१. हरीयाली बस टर्मिनल निर्माणको अवधारणा अन्तर्गत ता.न.पा.-५ मा वातावरणमैत्री बसपार्क (Eco-Friendly Bus Terminal) निर्माणको लागि आवश्यक पर्ने जग्गा प्राप्तिको कार्य अन्तिम अवस्थामा पुगेको छ र यसै आ.व. भित्र आवश्यक पूर्वाधारहरुको निर्माण कार्य अगाडी बढाउनका लागि थप बजेटको व्यवस्था गरिएको छ ।

२. सांस्कृतिक शहर पूर्वाधार कार्यक्रम, तानसेन कालीगण्डकी करिडोर लगायत नगर गौरब र सहलगानीका योजनाहरुको प्राथमिकताका साथ कार्यान्वयन प्रक्रिया अगाडी बढाइएको छ। नेपाल सरकारका सशर्त तर्फका नियमित क्षेत्रगत कार्यक्रमहरु शाखागत रुपमा अगाडी बढाइएको छ भने वित्तीय समानिकरण र राजश्व बाँडफाँड तथा आन्तरिक आय तर्फका ४५३ आयोजनाहरु मध्ये हालसम्म भौतिक पूर्वाधार तर्फका १५५ तथा क्षमता विकास तर्फका ४८ कार्यक्रमहरु सम्झौता भैसकेका र केही कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भैसकेका छन। पूर्वाधार निर्माणका सहलगानीमा गरिने कार्यका लागि संघ तथा प्रदेश सरकारसँग थप कार्यक्रम माग गरिएको छ।

३. प्रदेश सरकार र तानसेन नगरपालिकाको संयुक्त लगानीमा नयाँपाटी-सारेम-दमकडा सडक कालोपत्रे गर्ने कार्य अगाडी बढाइएको छ।

४. शीतलपाटी देखि हुलाकसम्मको सडकमा व्यवस्थित ढुङ्गा छपाई गरी सम्पदा क्षेत्र (Heritage Site) निर्माण कार्यको लागि ठेक्का प्रक्रिया अगाडी बढाइएको छ।

५. व्यवस्थित शहरी विकास गुरुयोजना निर्माण कार्यमा परामर्शदाता छनौट भैसकेको छ। साथै श्रीनगर क्षेत्रको गुरुयोजना तयारी प्रक्रिया अगाडी बढेको छ।

६. तानसेन नगरपालिकाको पहलमा नेपाल सरकार पुरातत्व विभागद्वारा रानीमहल दरवार यस नगरपालिकालाई हस्तान्तर भैसकेको छ। साथै नेपाल सरकारबाट तानसेन दरवार संग्राहलय पनि ता.न.पा.लाई हस्तान्तरण हुने क्रममा रहेको छ। दुबै स्थानको दीर्घकालीन योजना तयार गरी कार्य अगाडी बढाइने व्यहोरा यस गरिमामय नगरसभामा जानकारी गराउन चाहन्छु।

७. प्रदेश सरकारको सहायोगमा ता.न.पा. वडा नं. ५ को कैलाशनगर क्षेत्रमा सांस्कृतिक डबली निर्माण र रानीमहल क्षेत्रमा इकोगार्डेन निर्माण कार्य यसै आर्थिक वर्ष भित्र प्रारम्भ हुनेछ।

८. विकास आयोजनाहरुको गुणस्तरीयता र दिगोपनाका लागि निश्चित सूचक र मापदण्डका आधारमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिको लागि आयोजनाहरुको अनुगमन निर्देशिका तयार गरिएको छ।

९. नगर भित्रका भौतिक पूर्वाधार निर्माण कार्यलाई व्यवस्थित गर्ने उद्देश्यका साथ तानसेन नगरपालिकाको भवन निर्माण मापदण्ड, २०७५ पारित गर्नका लागि यसै नगरसभामा पेश गरिएको छ। भवन निर्माण मापदण्ड पुगेका घरहरुको हकमा नक्शा नियमित गर्ने प्रक्रिया अगाडी बढाइएको छ। नगरपालिकामा समाहित भई हाल नगरपालिकाका वार्ड नं १ र ८ देखि १४ वडाका पुराना घरहरुको अभिलेखिकरणको कार्य सम्पन्न गरिएको छ।

१०. पूर्वाधार निर्माणलाई प्रभावकारी बनाउन उपभोक्ता समितिहरुको क्षमता विकासको लागि ४ चरणमा ८६ वटा उपभोक्ता समितिका २५८ जना पदाधिकारीहरुलाई क्षमता विकास तालिम प्रदान गरिएको छ।

## आर्थिक विकास

११. लगानीमैत्री वातावरण सिर्जना गरी सार्वजनिक निजी साझेदारी (PPP) अवधारणालाई कार्यान्वयन गर्न तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी नीति र विधेयक पारित गर्न यसै गरिमामय नगरसभामा प्रस्तुत गरिएको छ। साथै सोको नियमावलीको मस्यौदा तयार गरिएको छ।

१२. आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको सहकारी क्षेत्रको विकास र प्रवर्द्धनका लागि नगर क्षेत्रका सम्पूर्ण सहकारीका पदाधिकारीहरुसंग परिचयात्मक अन्तर्क्रिया गरी उनिहरुकै माग र

आवश्यकताका आधारमा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र नगरपालिकाको साझेदारीमा सहकारी व्यवस्थापन प्रशिक्षण कार्यक्रमको व्यवस्था गरिएको छ ।

१३. पशु विकास क्षेत्रमा पशु नश्लसुधार, आहार सेवा र पशुस्वास्थ्य सेवाका कार्यक्रमहरु संचालन गरिएका छन । कृषि यान्त्रिकीकरण कार्य तर्फ साझेदारीमा हाते ट्रयाक्टर लगायतका प्रविधि हस्तान्तरण लगायत नियमित कार्यक्रमहरु संचालनमा रहेका छन ।

१४. कारीतास नेपालको सहयोगमा विषादी न्यूनीकरण अभियानलाई प्रोत्साहन गर्दै एकिकृत शत्रुजीव व्यवस्थापन (आई.पी.एम.) कार्यक्रम अगाडी बढाइएको छ ।

१५. आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन तर्फ टुरिजम एक्सन कमिटी तानसेनद्वारा ठोस कार्ययोजनाका साथ पर्यटन विकास र प्रवर्द्धनका कार्यक्रमहरु संचालनको क्रममा रहेका छन ।

१६. नगर क्षेत्रको पर्यटन विकासमा सहयोग पुऱ्याउने अभिप्राय सहित जनवादी गणतन्त्र चीनको लसान नगरसँग मैत्रीपूर्ण सम्वन्ध स्थापना भएकोमा सोही नगरपालिकाको निमन्त्रणा अनुसार तानसेन नगरपालिकाको टोलीले लसान शहरमा अन्तराष्ट्रिय प्रान्तिय पर्यटन मेलामा सहभागिता जनाएको थियो ।

१७. सम्पूर्ण वडाहरुमा ईन्टरनेटको माध्यमबाट कर तथा दस्तुर संकलनको लागि आवश्यक पूर्वाधार तयारी, कम्प्युटर विधिबाट कर तथा दस्तुर संकलन कार्य अगाडी बढाइएको, सम्पूर्ण वडा सचिवहरुलाई सम्पत्ती कर, शुल्क तथा दस्तुर संकलन सम्वन्धी तयार भएको सफ्टवयर सम्वन्धी प्रशिक्षण प्रदान गरिएको छ ।

१८. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपभोग्य सामान र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न बजार अनुगमन निर्देशिका जारी गरिएको छ ।

## सामाजिक विकास :

१९. शैक्षिक क्षेत्र विकासका नियमित कार्यक्रमहरुको अतिरिक्त नगरपालिका भित्र रहेका सवै सामुदायिक विद्यालयहरुको सम्पूर्ण भौतिक तथा शैक्षिक पक्षहरुको अभिलेखिकरण गरिएको छ । सामुदायिक विद्यालयका आधारभुत तहका विद्यार्थीहरुका अभिभावकहरुलाई **"अभिभावन शिक्षा"** कार्यक्रम संचालन गरिएको छ । विद्यालय निरीक्षण तथा अनुगमन फारामको विकास गरी सोही अनुरुप सामुदायिक तथा संस्थागत विद्यालयहरुको निरीक्षण गर्ने व्यवस्था मिलाइएको छ ।

२०. जिल्ला आयुर्वेद केन्द्रबाट ता.न.पा. वडा नं. १० मा शहरी आयुर्वेद स्वास्थ्य क्लिनिक संचालन भएको छ । तानसेन नगरपालिका र आर.एम.सी. को साझेदारीमा वडा नं. ८ को छापमा शहरी स्वास्थ क्लिनिक सेवा संचालन भएको छ । ता.न.पा वडा नं.१, २ र ६ मा जेष्ठ नागरिक आयुर्वेद सेवा संचालन गरिएको छ साथै सो सेवालाई सम्पूर्ण वडाहरुमा विस्तार गरिने छ ।

२१. महिलाहरुको पाठेघरको मुखको क्यान्सर परीक्षण सेवा ग्रामीणस्तरबाट थालनी गरिएको छ । यसबाट २७८ जना महिलाहरु लाभान्वित भएका छन ।

२२. स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति र पोष्ट नेटल केयर सेवा प्राप्त गर्नुपर्ने महिलाहरुको लागि घरघरमा स्वास्थ्य सेवा प्रदान गर्ने नीति अवलम्वन गरी स्वास्थ्य अभियानको थालनी गरिएको छ ।

२३. सामाजिक स्वास्थ्य वीमा कार्यक्रम तर्फ विगतमा दलित, अल्पसंख्यक एवम् सिमान्तकृत नागरिकहरुको लागि गरिएको स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिदैं महिला स्वास्थ्य स्वयंसेवीका र नगर सरसफाइकर्मीहरुको समेत स्वास्थ्य वीमा कार्यमा सहयोग प्रदान गरिएको छ ।

२४. लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा तानसेन नगरपालिकाद्वारा न्यायिक समिति सदस्य, कार्यपालिकाका महिला सदस्य तथा वडा महिला सदस्यहरुको सहभागितामा विभिन्न वडाहरुमा अभियानमुलक कार्यक्रम सम्पन्न भएको छ ।

२५. युवा परिचालन, समाज सशक्तिकरण अभियानमुलक कार्यक्रम, खेलकुद लक्षित कार्यक्रम संचालन गरी युवाहरुलाई समाज विकासका रचनात्मक काममा परिचालन गर्न युवा परिषद (Youth Council) गठनको कार्य अन्तिम चरणमा पुगेको छ । स्वरोजगार कार्यक्रम संचालनको लागि आवश्यक कार्यविधि तयार गरिएको छ । साथै स्वरोजगार कार्यक्रमबाट लाभान्वित हुनेहरुको छनौट कार्य तत्काल अगाडी बढाइने छ ।

२६. बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न वाँकी रहेका नगरपालिकाका वडाहरु मध्ये वडा नं ८, ९ र १० मा हिमालयन बैंक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई विस्तार गरिएको छ ।

२७. सूर्ति तथा मदिराजन्य पदार्थ नियन्त्रणको लागि ता.न.पा. वडा नं. १ मा अभिमुखिकरण कार्यक्रम संचालन गरिएको छ ।

## वन, वातावरण तथा विपद व्यवस्थापन :

२८. सरसफाई अभियान कार्यान्वयन तर्फ रानीमहल लगायत सार्वजनिक सम्पत्तीको सरसफाई र संरक्षणको व्यवस्था गरिएको छ । अमरनारायण फूलबारीको हरीयाली प्रवर्द्धनको लागि मासिक सरसफाइ कार्यक्रम संचालन गरिएको छ । साथै अन्य सार्वजनिक सम्पदाहरुको सरसफाइमा समेत विभिन्न संघ संस्थाहरुसंग सहकार्य र हातेमालो गरिएको छ ।

२९. तानसेन नगरपालिकाबाट निस्कने फोहरबाट व्यायोग्यास उत्पादन गर्न बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसंग संझौता गरी सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएको र लगानीकर्ता छनौट एवं विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी प्रक्रिया अगाडी बढाएको छ ।

३०. विभिन्न प्रकारका प्राकृतिक प्रकोपबाट प्रभावित नागरिकहरुलाई तत्काल राहत दिन नगर विपद् जोखिम व्यवस्थापन विधेयक गरिमामय नगरसभामा पेश गरिएको छ । नगर आपतकालिन कार्यसंचालन विधि र स्थानीय विपद व्यवस्थापन कोष संचालन कार्यविधिको मस्यौदा तयार गरिएको छ ।

३१. प्लाष्टिक झोला विस्थापन गर्न ता.न.पा. वडा नं. २ मा कपडाको झोला वितरण कार्य सम्पन्न भएको छ ।

## सुशासन तथा संस्थागत विकास :

३२. हालसम्म तानसेन नगरपालिकाबाटे ११ वटा ऐन र २३ वटा नियमहरु गरी जम्मा ३४ वटा कानूनहरु पारित भैसकेका र ४ वटा ऐनहरुको मस्यौदा यसै सम्मानीत नगरसभामा विधेयकको

रुपमा पेश गरिएको छ भने ६ वटा नियमहरु नगर कार्यपालिकाबाट पारित हुने अवस्थामा रहेका छन ।

३३. नगरपालिकाको नगर पार्श्वचित्र प्रकाशन भैसकेको र एकिकृत नगर विकास योजना निर्माणको प्रक्रिया अगाडी बढाइएको छ ।

३४. न्यायिक समितिको कार्य सम्पादन प्रक्रिया प्रभावकारी बनाउन समितिका पदाधिकारीहरुको लागि तालिम प्रशिक्षणका कार्यक्रमहरु संचालन भएको र ४२ जना मेलमिलापकर्ताहरुको छनौट कार्य सम्पन्न गरिएको छ ।

३५. नगरपालिका र वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन तानसेन नगरपालिकाका वडामा कार्यालय स्थापना हुन बाँकी वडाहरु वडा नं. ३, ४, ५ र ७ मा वडा कार्यालय स्थापना गरी वडास्तरबाटै सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । साथै सेवाको थप प्रभावकारीताको लागि कम्प्युटर अपरेटर, सव ईन्जिनियर, नगर प्रहरी, कार्यालय सहयोगीहरु समेत थप जनशक्तिको व्यवस्था मिलाइएको छ ।

३६. नगरपालिकाको सेवा प्रवाह सहज र सरल बनाउनको लागि सूचना र प्रविधिको उपयोगलाई व्यवस्थित गर्दै लगिएको छ । यसका लागि १४ वटै वडामा इन्टरनेट सेवा जडान भैसकेको छ । वडा सचिवहरुको लागि व्यक्तिगत घटना दर्ता सम्वन्धी VRMIS तालिम संचालन गरिएको छ । नगरपालिकाले लिएका नीति, योजना, वजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको बारेमा जनताले प्रत्यक्ष तथा परोक्ष रुपमा जानकारी पाउन नगरपालिकाको मोबाइल एप संचालनमा ल्याइएको छ ।

३७. नगरका गतिविधि, इतिहास, कला, संस्कृति, पर्यटन र विकास अवधारणा लगायतका सामग्री समेटिने हाम्रो तानसेन त्रैमासिक बुलेटीनको प्रकाशन कार्य नियमित रहेको छ ।

३८. पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ लगायत प्रेससँग सम्वन्धित संस्थासँग समन्वय गरी पत्रकारीताको विकासका लागि संचार क्षेत्रसंग सम्वन्धित कार्यक्रम अगाडी बढाइएको छ ।

३९. आर्थिक व्यवस्थापनमा वेरुजु हुने अवस्थाको न्यूनीकरण गर्दै आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित गरिएको छ । गत विगतदेखि रहेका पेश्की तथा बेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाइएको छ ।

## विद्यमान चुनौति :

- संघ तथा प्रदेशबाट प्राप्त हुने राजश्व तथा वित्तीय समानिकरण अनुदानको रकम समयमा प्राप्त नहुनु चुनौतिपूर्ण रहेकोछ ।
- आन्तरिक आयको मुख्य श्रोतको रुपमा रहेका नदीजन्य पदार्थ, पार्किङ्ग शुल्क, विज्ञापन शुल्क लगायत क्षेत्रमा पटक पटक सूचना प्रकाशन गर्दा समेत ठेक्का प्रक्रियामा जान सकेको छैन ।
- सबै वडाहरुमा वडा सचिव लगायत आवश्यक जनशक्ति पूर्ति हुन सकेको छैन ।

## पेश्कि तथा बेरुजूको अवस्था

आ.व. २०७२/०७३ सम्मको ३ करोड ४१ लाख ५३ हजार ४१४।२७ पेश्की वेरुजु रहेको (साविक गा.वि.स.हरुको बाहेक) छ । आ.व.२०७३/०७४ को जम्मा पेश्की तथा बेरुजु ४ करोड १५ लाख १३ हजार ९४९।८० मध्ये १ करोड ४४ लाख ५५ हजार १८१।०८ (३४.८२ प्रतिशत) सम्परीक्षण भै २ करोड ७० लाख ५८ हजार ७६८।७२ बाँकी रहेको छ । आ.व.२०७४/०७५ को प्रारम्भिक

प्रतिवेदनमा कुल बेरुजु १ करोड ४९ लाख ८२ हजार ६२१ औल्याइएकोमा सोको करिव ५० प्रतिशत प्रतिक्रिया मार्फत फर्छ्यौटको लागि प्रक्रियामा गएको छ ।

## चालु आ.व.२०७५/०७६ को अर्द्धवार्षिक बजेट समिक्षा :

नगरपालिकाको तेस्रो नगरसभाबाट चालु आर्थिक वर्ष २०७५/०७६ को पारित बजेट तथा कार्यक्रमलाई यस चौथो नगरसभाबाट आवश्यक संसोधन गरिएको छ । यसमा आन्तरिक आय ४ करोड ५० लाख ६२ हजार ५४८, संघको राजश्व बाँडफाँड तर्फ ८ करोड ७८ लाख १२ हजार, प्रदेशको राजश्व बाँडफाँड तर्फ ९७ लाख ८ हजार, गत वर्षको जिम्मेवारी सरी आएको ७ करोड २ लाख ३१ हजार ४५२, नेपाल सरकारको वित्तीय समानिकरण अनुदान १४ करोड ६६ लाख, नेपाल सरकारकै सशर्त अनुदान ३० करोड ९७ लाख, प्रदेश सरकारको प्राप्त निसशर्त अनुदान ४८ लाख र सशर्त अनुदान ७५ लाख तथा अन्य सशर्त ११ करोड २३ लाख ९६ हजार, लागत सहभागिता १ करोड ७५ लाख गरी कुल ८० करोड, १३ लाख, १० हजार बराबरको बजेट तथा कार्यक्रम पेश गरिएको छ । पेश गरिएको बजेट तथा कार्यक्रममा पूर्वाधार विकास कार्यक्रम तर्फ ११ करोड ६ लाख ८६ हजार, सामाजिक विकास तर्फ ४३ करोड ५९ लाख १५ हजार, आर्थिक विकास तर्फ ८ करोड ५ लाग ५९ हजार, वन वातावरण तथा विपद व्यवस्थापन तर्फ ४ करोड ४० लाख ७२ हजार र सुशासन तथा संस्थागत विकासतर्फ ३ करोड २१ लख ९५ हजार विनियोजन हुने गरी प्रस्ताव गरिएको ब्यहोरा सम्मानित नगरसभा समक्ष जानकारी गराउन चाहन्छु ।

यसैगरी चालू आर्थिक वर्ष २०७५/०७६ को लागि कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ ९ करोड ४२ लाख १२ हजार २२१ विनियोजन भएकोमा संसोधन गरी ८ करोड १ लाख ३२ हजार २२१ प्रस्ताव गरिएको छ । चालु खर्चमा मितव्ययीता अवलम्वन गरी १ करोड ४१ लाख बचत गरी पूँजीगत कार्यक्रम तर्फ खर्च हुने गरी प्रस्ताव गरिएको छ । समग्रमा कुल बजेट ८० करोड १३ लाख १० हजार मध्ये चालु तर्फ ४६ करोड ८८ लाख ७८ हजार २२१ (५९ प्रतिशत) र पूँजीगत तर्फ ३३ करोड २४ लाख ३१ हजार ७७९ (४१ प्रतिशत) विनियोजन गरिएको छ ।

चालु आ.व. २०७५/०७६ को लागि विनियोजन विधेयकमा स्वीकृत कुल पूँजीगत बजेट तर्फ ३२ करोड ५३ लाख ७७ हजार ७७९ मध्ये २०७५ पौष मसान्तसम्म २ करोड ३३ लाख ६६ हजार ६२७ खर्च भै वित्तीय प्रगति ७ प्रतिशत रहेको र चालु तर्फ ४७ करोड ५९ लाख ३२ हजार २२१ विनियोजन मध्ये १६ करोड ०८ लाख १६ हजार ३०१ खर्च भै वित्तीय प्रगति ३३.७९ प्रतिशत रहेको छ ।

वित्तीय व्यवस्थापनलाई चुस्त बनाउनको लागि पेश्कि प्रदान गर्ने परिपाटीलाई निरुत्साहित गर्दा वित्तीय प्रगति सामान्यतया कमी देखिएता पनि भौतिक प्रगति भने सन्तोषजनक रहेको व्यहोरा निवेदन गर्न चाहन्छु । ठूला आयोजनाहरुको निर्माण कार्यका लागि खरिद प्रक्रिया अगाडी बढेको, नगर गौरव, नगरस्तरीय तथा वडास्तरीय अधिकांश योजनाहरु कार्य संचालनको चरणमा रहेकोले समय सापेक्ष अपेक्षित लक्ष हासिल हुनेसक्ने ब्यहोरा यस गरिमामय सभामा जानकारी गराउन चाहन्छु ।

धन्यवाद ।

**अशोक कुमार शाही**
**नगर प्रमुख**
**(चौथो नगरसभा अध्यक्ष)**
**तानसेन नगरपालिका, पाल्पा**